# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ८ प्रकाशन मितिः २०७७/१०/२५


# भाग २

## त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## त्रिवेणी गाउँपालिकाको

## नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७


गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/०९/०५

प्रमाणिकरण मितिः २०७७/१०/२३


**प्रस्तावना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (क) मा भएका कार्यहरुमा सहयोग पुऱ्याउनको लागि स्वीकृत दरबन्दीको अधिनमा रही नगर प्रहरीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "त्रिवेणी गाउँपालिकाको सेवा करारमा नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७" रहेको छ ।

(ख) यो कार्यविधि त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "गाउँपालिका" भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पालाई सम्झनुपर्दछ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्दछ ।

(ग) "कार्यविधि" भन्नाले त्रिवेणी गाउँपालिकाको सेवा करारमा नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ सम्झनुपर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले त्रिवेणी गाउँपालिका रोल्पाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(ङ) "नगर प्रहरी" भन्नाले यसै कार्यविधि बमोजिम नगर प्रहरी सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका नगर प्रहरीलाई सम्झनुपर्दछ ।

(च) "कार्यपालिका" भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(छ) "कार्यालय" भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(ज) "समिति" भन्नाले यसै कार्यविधिको दफा ६ को उपदफा (२) बमोजिम गठित पदपूर्ती समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२
## नगर प्रहरीको गठन, रेखदेख र नियन्त्रण

३. गाउँपालिका र नगर प्रहरीको सम्बन्ध : गाउँपालिकाको प्रशासन शाखा अन्तर्गत रहने गरी नगर प्रहरी नियुक्त गरिनेछ । सम्पूर्ण नगर प्रहरीहरु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखाको विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् । नगर प्रहरी कार्यपालिका प्रति उत्तरदायी हुनुपर्नेछ ।

४. गाउँपालिकामा रहने नगर प्रहरीको पद र संख्या : (१) गाउँपालिकामा रहने नगर प्रहरीहरुको दरबन्दी संख्या देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) नगर प्रहरी सहायक निरीक्षक | १ |
| (ख) नगर प्रहरी हवल्दार | २ |
| (ग) नगर प्रहरी जवान | ६ |

(२) नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवानको पदपूर्ती खुला प्रतियोगिताद्धारा तथा नगर प्रहरी हवल्दारको पदमा नगर प्रहरी जवानहरु मध्येबाट कार्यसम्पादनका आधारमा भएका नियुक्ति लिएको छ (६) महिना पश्चात कार्यसम्पादन मुल्यांकनका आधारमा बढुवा गरिनेछ ।

## परिच्छेद-३

## काम, कर्तव्य र अधिकारहरु

५. नगर प्रहरीको काम, कर्तव्य र अधिकार : (१) ऐनको दफा ११ को उपदफा २ को खण्ड (क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरुका अतिरिक्त नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने र हटाउन नमानेमा आफै हटाइदिने । यसरी हटाउँदा लाग्ने खर्च र तोकिए बमोजिमको जरिवाना सम्बन्धित व्यक्तिबाट असूल उपर गर्ने,

(ख) गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने । सो बमोजिम नगर्नेलाई कानून बमोजिम कारबाही गर्ने,

(ग) सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, खोलानाला, ढल, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको पाइएमा हटाउने । कसैले निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत् कार्यपालिका समक्ष प्रतिवेदन पेश गरी कार्यपालिकाको निर्णय बमोजिम गर्ने,

(घ) गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण-पत्र सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको ठहर भई कार्यपालिकाबाट भत्काउने निर्णय भएमा भत्काउने,

(ङ) खतरा उत्पन्न गराउन सक्ने रुख काट्न लगाउने । जोखिमपूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने,

(च) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिजवस्तु बिक्री गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक-पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन रायसाथ कार्यपालिका समक्ष पेश गर्ने,

(छ) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न रायसाथ कार्यपालिका समक्ष पेश गर्ने,

(ज) मरेका जीवजन्तु समयमै गाड्न वा व्यवस्थापन गर्न लगाउने,

(झ) छाडा पशुपंक्षीहरु नियन्त्रणमा लिई आदेश बमोजिम व्यवस्थापन वा लिलाम गराउने,

(ञ) वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने,

(ट) गाउँ कार्यपालिका, विषयगत समिति, उप-समिति तथा आयोजनाहरुबाट स्वीकृत हुने नीति, ऐन र कानून तथा निर्णयहरुलाई कार्यन्वयन गर्ने,

(ठ) गाउँपालिकामा शान्ति सुव्यवस्था कायम गर्ने, गाउँपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने,

(ड) विना ईजाजत पसल, व्यवसाय, उद्योग वा कलकारखाना सञ्चालन गरेको फेला परेमा तिनिहरुको दर्ता र नवीकरण गर्न लगाउने । विना ईजाजत मादक पदार्थको बिक्रि वितरण गर्ने पसलहरुमाथि छानविन गरी तोकिए बमोजिम कारबाही गर्ने । साथै मादक पदार्थ सेवन गरी होहल्ला गर्ने व्यक्ति र पसलहरुलाई कारबाही गर्ने,

(ढ) गाउँपालिका क्षेत्रमा निषेधित भित्ते लेखन, ब्यानर, विज्ञापन, प्रचार प्रसार सामग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने । अटेर गर्नेलाई कारबाहीका लागि सिफारिस गर्ने,

(ण) विना ईजाजत ब्यानर, होर्डिङ्ग बोर्ड लगायतका अन्य विज्ञापन सामग्री राखेको पाइएमा पक्राउ गरी ईजाजत लिन लगाउने, नमानेमा कारबाहीका लागि सिफारिस गर्ने,

(त) गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, भेला आदि जस्ता कार्यक्रमहरुमा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम जिम्मेवारी निर्वाह गर्ने,

(थ) नापतौलका सामग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्यसूची राख्न लगाउने तथा चेक गर्ने,

(द) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता व्यवसायिक गतिविधिहरुको निरीक्षण गर्ने र मापदण्ड अनुरुप नचलेको पाइएमा कारबाहीको लागि पेश गर्ने । अवैध मदिरा तथा अन्य लागुपदार्थको बिक्री, वितरण र त्यसको सेवन गरेको पाइएमा गाउँपालिकामा जानकारी गराउने,

(ध) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जुवातास, पोटा, क्यारम बोर्ड, मादक पदार्थ सेवन तथा धुमपान सेवन लगायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने साथै जादु र सर्कस देखाउन गाउँपालिकाको अनुमति लिए नलिएको जाँच गर्ने,

(न) व्यवसायीहरुले सडक क्षेत्र ओगटेर राखेका सामानहरु हटाउन लगाउने, हटाउन नमानेमा त्यस्ता सामानहरु जफत गरी पेश गर्ने । कार्यपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थापन गर्ने,

(प) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, हर्न, रेडियो वा ध्वनी उत्पादन/प्रशारण लगायत अन्य उपकरण प्रयोग गर्न नदिने । सहर वा बजारमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योगधन्दा सञ्चालनमा रोक लगाउने,

(फ) बजार क्षेत्रमा तीव्र गतिमा सवारी साधनहरु चल्न नदिने, चलेको पाइएमा त्यस्ता सवारी साधनलाई समाती नजिकको प्रहरी चौकीमा बुझाउने,

(ब) गाउँपालिका क्षेत्रभित्रका नीजि सुरक्षा गार्ड, आपूर्ती व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने,

(भ) दमकल सेवालाई २४ सै घण्टा चुस्तदुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त सेवा प्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउने,

(म) विपद, महामारी, यद्ध लगायतका कार्य भएमा उद्धार तथा राहतका लागि आदेश बमोजिम तुरुन्त खटिई जाने,

(य) गाउँपालिकाका विभिन्न शाखाका योजना, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने,

(र) गाउँपालिकाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समयभित्र उपलब्ध गराउने,

(ल) प्रहरीसँग समन्वय गरी जुवा तास, लागु औषध नियन्त्रण गर्ने, महिला हिंसा, घरेलु हिंसा, लैंगिक हिंसा, बालबिबाह र बालश्रम नियन्त्रण गर्ने,

(व) गाउँपालिकालाई कर संकलनमा सहयोग गर्ने, अवैध गिट्टी बालुवा, ढुंगा उत्खनन् रोकथाम तथा नियन्त्रण गर्ने,

(य) वडाका जनप्रतिनिधि तथा वन कार्यालयसँग समन्वय गरेर वन संरक्षण, वृक्षारोपण, आगलागी तथा वन फडानी नियन्त्रण गर्ने,

(श) गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिमका अन्य कार्यहरु गर्ने गराउने ।

(२) नगर प्रहरी सहायक निरीक्षकले नगर प्रहरी हवल्दार तथा जवानहरुलाई आदेश बमोजिम खटन-पटनमा नेतृत्व गर्नु, गाउँपालिकाको आदेशहरु कार्यान्वयन गर्नुका अलावा माथि दफा ५ को उपदफा (१) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ भने नगर प्रहरी हवल्दार तथा जवानहरुले आफुभन्दा माथिल्लो अधिकारी तथा नगर प्रहरी सहायक निरीक्षकको नेतृत्वलाई स्वीकार्नु र सहयोग गर्नुका अलावा माथि दफा ५ को उपदफा (१) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ ।

## परिच्छेद-४

## पदपूर्ती र योग्यता

६. पदपूर्ती गर्ने तरिका : नगर प्रहरी सेवा करारमा राख्ने प्रयोजनको लागि देहाय बमोजिमका तरिकाबाट छनौट गरिनेछ-

(१) नगर प्रहरी हवल्दारको पद बाहेक अरु सबै नगर प्रहरी पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ती हुनेछ । यसरी छनौट गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेद्वारहरुका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(क) महिला : ५० प्रतिशत

(ख) आदिवासी/जनजाती : ३५ प्रतिशत

(ग) दलित : १५ प्रतिशत

(२) आदिवासी जनजातीको सूचीमा स्पष्ट खुलेको जाती बाहेक अन्यको हकमा आदिवासी/ जनजातीका लागि नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा जिल्ला प्रशासन कार्यालयबाट आदिवासी/जनजाती भनी प्रमाणित भएको साथै दलित जातीको हकमा राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित जाती भएको वा जिल्ला प्रशासन कार्यालयबाट दलित जाती भनी प्रमाणित भएको हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रतिशत निर्धारण गर्दा दशमलव पछाडी ५ वा सो भन्दा बढी अंक आएमा शुन्यान्त भई सोही समूहमा र दशमलव पछाडी ५ भन्दा कम अंक आएमा जुन समूहको हकमा आएको हो सोभन्दा लगतै पछिको समूहमा सर्दै साही अनुसार जानेछ ।

(४) उपदफा (१) बमोजिम छुट्याइएको समूहका पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तीर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

(५) नगर प्रहरीको पदपूर्तीका लागि देहाय बमोजिमका पदाधिकारी रहेको एक पदपूर्ती समिति रहनेछ ।

(क) संयोजक - गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत

(ख) सदस्य - जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि

(ग) सदस्य - जिल्ला प्रहरी कार्यालयको अधिकृतस्तरको प्रतिनिधि

(घ) सदस्य - गाउँपालिकाको कानूनी मामिला इकाईको प्रमुख

(ङ) सदस्य-सचिव - प्रशासन शाखा हेर्ने अधिकृतस्तरको कर्मचारी

(६) पदपूर्ती गर्दा परीक्षाको किसिम देहाय बमोजिम हुनेछ-

(क) सम्बन्धित पदको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यता पुगेको हुनुपर्नेछ ।

(ख) स्थायी बसोबासका लागि पूर्णाङ्क १० रहनेछ । गाउँपालिकाको बासिन्दा भएमा १० अंक र सम्बन्धित जिल्लाको बासिन्दा भएमा २ अंक र अन्य जिल्लाको हकमा ० अंक) ।

(ग) शारीरिक परीक्षण : सामान्य शारीरिक परीक्षणको लागि दफा ७ को उपदफा १ र २ को (घ), (ङ), (च) र (छ) लाई आधार मानिनेछ । शारीरिक परीक्षणको लागि कुनै अंक प्रदान गरिनेछैन तर आधारहरु भने सबैमा उत्तीर्ण भएको हुनुपर्नेछ । शारीरिक परीक्षण उत्तीर्ण गरेपश्चात मात्र देहाय बमोजिम मूल्याकंन गरी उम्मेद्वारहरुलाई छनौटका अन्य चरणमा समावेश गरिनेछ ।

(घ) तन्दुरुस्ती परीक्षण : शारीरिक परीक्षण उत्तीर्ण भएका उम्मेद्वारको तन्दुरुस्ती परीक्षणको लागि पदपूर्ती समितिले २० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर परीक्षण सञ्चालन गर्नुपर्नेछ ।

(ख) लिखित परीक्षा : तन्दुरुस्ती परीक्षणमा उत्तीर्ण भएका उम्मेद्वारहरुको लिखित परीक्षाको लागि पदपूर्ती समितिले ५० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर वस्तुगत प्रश्नपत्र तयार गरी परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(ग) अन्तरवार्ता : अन्तरवार्ताको लागि पूर्णाङ्क २० रहनेछ । यस अनुसार अंक प्रदान गर्दा न्यूनतम् ४० प्रतिशत र अधिकतम ७० प्रतिशत अंकको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

(७) पदपूर्ती समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) पदपूर्तीको लागि सेवासँग सम्बन्धित पाठ्यक्रम निर्धारण तथा पदको विज्ञापन गर्ने,

(ख) प्राप्त दरखास्त फारम उपर छानविन गर्ने,

(ग) फारम स्वीकृत भएका उम्मेद्वारहरुलाई सूचीकृत गर्ने,

(ग) शारीरिक परीक्षणका आधार र लिखित परीक्षाको प्रश्नपत्र निर्माण गर्ने,

(घ) छनौटको लागि कार्यतालिका बनाई सूचना जारी गर्ने,

(ङ) कार्यतालिका बमोजिम शारीरिक र तन्दुरुस्ती परीक्षण, लिखित परीक्षा तथा अन्तरवार्ता सञ्चालन गर्ने,

(च) सफल तथा वैकल्पिक उम्मेद्वारहरुको सूची योग्यताक्रमका आधारमा प्रकाशन गर्ने,

(ङ) सेवा करार तथा नियुक्तिका लागि सिफारिस गर्ने ।

७. योग्यता : (१) नगर प्रहरी सहायक निरीक्षक पदको लागि निम्नलिखित योग्यता पुगेका नेपाली नागरिकले दरखास्त दिन सक्नेछन् -

(क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) पुरुषको लागि कम्तिमा ५ फिट २ ईन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको,

(ङ) पुरुषको हकमा छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको,

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(छ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,

(ज) नेपाली नागरिकता प्रमाणपत्र पाएको,

(झ) २०७५ भाद्र १ गतेपछि बालबिबाह वा बहुविवाह नगरेको ।

(२) नगर प्रहरी जवान पदको लागि निम्नलिखित योग्यता पुगेका व्यक्तिहरुले दरखास्त दिन सक्नेछन् -

(क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभूत तह उत्तीर्ण गरेको,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) पुरुषको लागि कम्तिमा ५ फिट २ ईन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको,

(ङ) पुरुषको हकमा छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको,

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(छ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,

(ज) नेपाली नागरिकताको प्रमाण-पत्र पाएको,

(झ) २०७५ भाद्र १ गतेपछि बालबिबाह वा बहुविवाह नगरेको ।

## परिच्छेद-५

## विज्ञापन, दरखास्त, परीक्षा, नतिजा, सिफारिस तथा नियुक्ति सम्बन्धी व्यवस्था

८. विज्ञापन सम्बन्धी व्यवस्था : समितिले नगर प्रहरीको लागि दरखास्त आह्वान गर्नुपर्दा अनुसूची-१ बमोजिमको ढाँचामा तयार गरी गाउँपालिकाको स्थानीय सूचना पाटी, वेभसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा कम्तिमा १५ (पन्ध्र) दिनको म्याद सहितको सूचना प्रकाशन गर्नुपर्नेछ ।

९. दरखास्त फारम र प्रवेश-पत्र सम्बन्धी व्यवस्था : प्रकाशित विज्ञापन बमोजिम उम्मेद्वारहरुले अनुसूची-२ बमोजिमको दरखास्त फारम भरी कार्यालयमा बुझाउनु पर्दछ । दरखास्त फाराम भर्ने उम्मेद्वार समावेशी समूहतर्फको भए कुन समूहको हो, सो जनाई फारम भर्नुपर्नेछ । खुल्ला र समावेशी दुवै समूहमा दरखास्त फाराम भर्न चाहने उम्मेद्वारले भने छुट्टा छुट्टै फारम भर्नुपर्नेछ । पदपूर्ती समितिले विज्ञापनमा निर्धारण गरेको दस्तुर सहित विज्ञापनमा उल्लेख भएको म्यादभित्र उम्मेद्वारले दरखास्त फारम बुझाउनु पर्नेछ । दरखास्त फारम भरिसकेपछि उम्मेद्वारले अनुसूची-३ बमोजिमको प्रवेश-पत्र पाउनेछन् ।

१०. परीक्षा सञ्चालन गर्नुपर्ने : समितिले आवेदन स्वीकृत भएका उम्मेद्वारहरुको बिचमा दफा ६ बमोजिम शारीरिक परीक्षण, तन्दुरुस्ती परीक्षण, लिखित तथा अन्तरवार्ता परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

११. नतिजा प्रकाशन गर्नुपर्ने : समितिले शारीरिक र तन्दुरुस्ती परीक्षण तथा लिखित र मौखिक परीक्षा सञ्चालन पश्चात नगर प्रहरीका विभिन्न पदका लागि छनौट हुन सफल भएका उम्मेद्वारहरुको नामावली योग्यताक्रम अनुसार निर्धारण गरी गाउँपालिकाको सूचना पाटी, वेभसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा प्रकाशन गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन गर्दा वैकल्पिक उम्मेद्वार सहित विज्ञापनमा माग गरिएको पद संख्याको अधिकतम दोब्बर संख्यामा गर्नुपर्नेछ ।

१२. सिफारिस गर्नुपर्ने : दफा ११ बमोजिमको कार्य सम्पन्न भए पश्चात् समितिले सेवा करार गरी करार नियुक्तिको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई सिफारिस गर्नुपर्नेछ ।

## परिच्छेद-६
## करार सम्बन्धी व्यवस्था

१३. करार गर्ने : (१) छनौट भई सिफारिस गरिएका उम्मेद्वारलाई कार्यालयले सात (७) दिनको म्याद दिई करार गर्न सात (७) दिनको सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न आउने उम्मेद्वारसँग कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधिभित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेद्वारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची-५ बमोजिमको करार नियुक्ति-पत्र कार्यालयले नगर प्रहरीलाई दिनुपर्नेछ ।

(४) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यतया आर्थिक वर्षको श्रावण १ (एक) देखि अर्को वर्षको असार मसान्तसम्मका लागि मात्र गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम पर्याप्त नभएमा वा कार्यप्रारम्भ नै नभएको अवस्थामा कार्यपालिकाले कामको बोझ र अवधि हेरी करारको अवधी घटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम एक आर्थिक वर्षको निमित्त सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि करारमा लिनु परेमा निजको कार्यसम्पादन विश्लेषण गरी सो गर्न मनासिव देखिएमा करार सम्झौता थप गर्न सकिनेछ । कार्यपालिकाले करार अवधि थप गर्ने वा नगर्ने निर्णय आर्थिक वर्ष समाप्त हुनु अगावै गर्नुपर्नेछ ।

(६) नगर प्रहरीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त्य गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई भविष्यमा पुनः करारमा काम गर्ने अवसर दिइने छैन ।

१४. कार्य शर्त, पारिश्रमिक र अवधि : (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका नगर प्रहरीको मासिक पारिश्रमिक दफा ४ को उपदफा (३) मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयले स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्यसम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ । कार्यपालिकाको निर्णय नभई करार सम्झौतामा उल्लेख नगरिएको भ्रमण भत्ता, फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिनेछैन ।

(३) कार्यालयले करार सेवाका नगर प्रहरी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित शाखाको सिफारिसको आधारमा मात्र भुक्तानी गर्नुपर्नेछ ।

(४) यस कार्यविधि बमोजिम नगर प्रहरीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुनै पनि दाबी गर्न पाउनेछैन ।

(५) उपदफा (१) बमोजिम करार गर्दा सेवा शुरु गर्ने मिति र सेवा टुट्ने मिति समेत उल्लेख गर्नुपर्नेछ । तर त्यस्तो करारको अवधी एक पटकमा १ (एक) वर्षभन्दा बढी हुने छैन ।

१५. करार समाप्ती : (१) करार सम्झौता गरिएको नगर प्रहरीको कार्य सन्तोषजनक नभएको भनी कार्यालयबाट सिफारिस भएमा कार्यपालिकाले आवश्यक छानविन गर्न लगाई जुनसुकै अवस्थामा करार सेवाबाट हटाउन सक्नेछ । तर एक पटक सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद-७
## विविध

१६. तलब तथा अन्य सुविधा : (१) नगर प्रहरीको तलब देहाय बमोजिमको हुनेछ-

| | |
|---|---|
| (क) नगर प्रहरी सहायक निरीक्षक | आधारभूत तलब : रु. १५,०००/- |
| (ख) नगर प्रहरी हवल्दार | आधारभूत तलब : रु. १४,०००/- |
| (ग) नगर प्रहरी जवान | आधारभूत तलब : रु. १३,५००/- |

(२) सबै पदका नगर प्रहरीहरुलाई जनही रु. २,५००/- का दरले मासिक रासन भत्ता र प्रत्येक वर्षको चैत्र महिनामा एक पटक चाडपर्व खर्च उपलब्ध गराइनेछ । एक महिनामा दुई दिनभन्दा बढी अवधिको बिदा लिएमा सोही बराबरको राशन भत्ता कटौती गरिनेछ ।

१७. बिदा : नगर प्रहरीले भैपरी आउने तथा पर्व बिदा वापत् प्रत्येक महिना एक (१) दिनको दरले र सार्वजनिक बिदाको दिनमा कामकाज गरे वापत पालो मिलाई सोही दिन बराबर सट्टा बिदा पाउने छन् । उक्त बिदा एक वर्षभन्दा बढी संचित गर्न पाइने छैन । अन्य बिदाको विषयमा भने कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

१८. पोशाक : नगर प्रहरीले डिउटीको समयमा लगाउने पोशाक अनुसूची-६ बमोजिम हुनेछ । डिउटी समयमा त्यस्तो पोशाक अनिवार्य रुपमा लगाउनु नगर प्रहरीको कर्तव्य हुनेछ । उक्त पोशाक गाउँपालिकाबाट उपलब्ध हुनेछ ।

१९. डिउटी अवधि : प्रत्येक नगर प्रहरीले कार्यतालिका बमोजिम सामान्यतया दैनिक रुपमा सार्वजनिक बिदाको दिनमा समेत कम्तिमा १० घण्टा अनिवार्य डिउटी गर्नुपर्नेछ । विशेष अवस्थामा कार्यालयले खटाइएको जुनसुकै समयमा पनि कामकाजमा खटिनु पर्नेछ । साथै डिउटी अवधिको सम्बन्धमा कार्यालयले थप निर्देशन गर्न सक्नेछ ।

२०. व्याख्या, खारेजी वा बचाउ गर्ने अधिकार : यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या, खारेजी वा बचाउ गर्नुपरेमा त्यस्तो अधिकार कार्यपालिकालाई रहनेछ ।

२१. अमान्य हुने : यस कार्यविधिमा लेखिएका कुराहरु संघीय वा प्रादेशिक वा त्रिवेणी गाउँपालिकाको स्थानीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन् ।

अनुसूची - १
(दफा ८ सँग सम्बन्धित)
त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : ................)

त्रिवेणी गाउँपालिका, रोल्पाको प्रशासन शाखा अन्तर्गत रहने गरी देहायको पद, संख्या र योग्यता भएका नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकाले उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यलय सयममा राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.trivenimunrolpa.gov.np वा कार्यालयको प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।

१. पदको विवरण

| क्र.स. | विज्ञापन नं. | पद नाम | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०००/०००-०० | नगर प्रहरी सहायक निरीक्षक | | |
| २ | ०००/०००-०० | नगर प्रहरी जवान | | |

२. योग्यता :

(क) नगर प्रहरी सहायक निरीक्षकको लागि :

(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,
(आ) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण गरेको,
(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
(ई) पुरुषको लागि कम्तिमा ५ फिट २ ईन्च र महिलाको लागि कम्तिमा ५ फिट उचाई भएको,
(उ) पुरुषको हकमा छाती नफुलाउँदा कम्तिमा ३१ ईन्च र फुलाउँदा ३३ ईन्च भएको,
(ऊ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,
(ऋ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण-पत्र पाएको,
(ए) नेपाली नागरिकता प्रमाणपत्र पाएको,
(ऐ) २०७५ भाद्र १ गते पछि बालबिबाह वा बहुविवाह नगरेको ।

(ख) नगर प्रहरी जवानको लागि:

(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,

(आ) मान्यता प्राप्त शिक्षण संस्थाबाट आधारभूत तह वा सो सरह उत्तीर्ण गरेको,

(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ई) पुरुषको लागि कम्तिमा ५ फिट २ ईन्च र महिलाको लागि कम्तिमा ५ फिट उचाई भएको,

(उ) पुरुषको हकमा छाती नफुलाउँदा कम्तिमा ३१ ईन्च र फुलाउँदा ३३ ईन्च भएको,

(ऊ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(ऋ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण-पत्र पाएको,

(ए) नेपाली नागरिकता प्रमाणपत्र पाएको,

(ऐ) २०७५ भाद्र १ गते पछि बालबिबाह वा बहुविवाह नगरेको ।

३. दरखास्तमा संलग्न गर्नुपर्ने: उम्मेद्वारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता (लब्धाङ्क र चारित्रिक प्रमाण-पत्र) को प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, चालचलन र स्थायी ठेगाना सम्बन्धी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, दरखास्त तिरेको भौचर ।

४. परीक्षाको किसिम : शारीरिक परीक्षण, तन्दुरुस्ती परीक्षण, लिखित र अन्तरवार्ता ।

५. परीक्षा केन्द्र : गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

६. दरखास्त दस्तुर : पदपूर्ती समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. तलबभत्ता : त्रिवेणी गाउँपालिकाको नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ बमोजिम हुनेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

अनुसूची - २
(दफा ९ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

**<u>करारको लागि दरखास्त फाराम</u>**

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेद्वारले दस्तखत

| | |
|---|---|
| विज्ञापन नं.: | |
| पदः | |

(क) वैयक्तिक विवरण

| | | | |
|---|---|---|---|
| नाम थर | (देवनागरीमा) | | |
| | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| नागरिकता नंः | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.पा. | ग) वडा नं |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो नं. |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेलः |
| बाबुको नाम, थर : | | जन्म मिति : (वि.सं.) | (ई.सं.) |
| बाजेको नाम, थर : | | हालको उमेर : वर्ष | महिना |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेद्वारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फाराममका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा १ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाप</td><td colspan="2" rowspan="3">उम्मेदवारको दस्तखत</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td colspan="2">मितिः</td></tr>
<tr><td colspan="4">कार्यालयले भर्नेः</td></tr>
<tr><td colspan="2">रसिद/भौचर नं. :</td><td colspan="2">रोल नं. :</td></tr>
<tr><td colspan="4">दरखास्त अस्वीकृत भए सो को कारण :</td></tr>
<tr><td colspan="3">दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति :</td><td>दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति :</td></tr>
</table>

द्रष्टव्य : दरखास्तसाथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेद्वार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(२) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
(३) समकक्षता आवश्यक पर्ने भएमा सोको प्रतिलिपि,
(४) सम्बन्धित वडा कार्यालयको स्थायी बसोबास तथा चालचलन सिफारिस पत्र,
(५) मान्यता प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाण-पत्र,
(५) समावेशी समूहतर्फ नेपाली नागरिकताको प्रमाण-पत्रमा जात अन्यथा भएको भएमा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र,
(६) विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।

अनुसूची- ३

(दफा ९ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकको कार्यालय

जुगार, रोल्पा

प्रदेश नं. ५ नेपाल

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फारममा पर्ने गरी उम्मेद्वारले दस्तखत गर्नुपर्ने |
|---|

| | |
|---|---|
| विज्ञापन नं.: | |
| पदः | |

**प्रवेश-पत्र**

<table>
<tr><td rowspan="2">नाम थर</td><td>(देवनागरीमा)</td><td colspan="4"></td></tr>
<tr><td>(अंग्रेजी ठूलो अक्षरमा)</td><td colspan="4"></td></tr>
<tr><td colspan="3">नागरिकता नं:</td><td colspan="2">जारी गर्ने जिल्ला :</td><td>मिति :</td></tr>
<tr><td colspan="6">बाबुको नाम, थर :</td></tr>
<tr><td colspan="3">उम्मेदवारको ल्याप्चे सहीछाप</td><td colspan="3" rowspan="3">उम्मेद्वारको दस्तखत</td></tr>
<tr><td colspan="2">दायाँ</td><td>बायाँ</td></tr>
<tr><td colspan="2" rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td colspan="3">मितिः</td></tr>
</table>

---

कार्यालयले भर्नेः

| | |
|---|---|
| रसिद/भौचर नं. : | रोल नं. : |
| दरखास्त रुजु गर्नेको -<br>दस्तखतः<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको -<br>दस्तखत<br>मिति : |

---

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकको कार्यालय

जुगार रोल्पा

प्रदेश नं. ५ नेपाल

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्नुपर्ने |
|---|

| | |
|---|---|
| विज्ञापन नं.: | |
| पद | |

**प्रवेश-पत्र**

<table>
<tr><td rowspan="2">नाम थर</td><td>(देवनागरीमा)</td><td></td></tr>
<tr><td>(अंग्रेजी ठूलो अक्षरमा)</td><td></td></tr>
</table>

<table>
<tr><td colspan="2">नागरिकता नंः</td><td>जारी गर्ने जिल्ला :</td><td>मिति :</td></tr>
<tr><td colspan="4">बाबुको नाम, थर :</td></tr>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाप</td><td colspan="2" rowspan="3">उम्मेदवारको दस्तखत</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td colspan="2">मितिः</td></tr>
</table>

---------------------------------------------------------------------------------------------------------------------

कार्यालयले भर्नेः

| | |
|---|---|
| रसिद/भौचर नं. : | रोल नं. : |
| दरखास्त रुजु गर्नेको -<br>दस्तखतः<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको -<br>दस्तखत<br>मिति : |

अनुसूची - ४

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

करार सम्झौता

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा (यसपछि पहिलो पक्ष भनिएको) र ................................... जिल्ला, ................................... गाउँपालिका/नगरपालिका, वडा नं. ........ बस्ने श्री ......................................... (यसपछि दोश्रो पक्ष भनिएको) का बीच त्रिवेणी गाउँपालिकाको नगर प्रहरीको कामकाज गर्न गराउन मिति २०७.../...../..... को निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक-एक प्रति आपसमा बुझिलियौं दियौं ।

१) कामकाज सम्बन्धमा : दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२) काम गर्नुपर्ने स्थान : त्रिवेणी गाउँपालिका, रोल्पाको भौगोलिक क्षेत्रभित्र ।

३) करारमा काम गरेवापत पाउने पारिश्रमिक तथा सेवा सुविधा : प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. .................. (अक्षरेपी ....................... मात्र) पारिश्रमिक उपलब्ध गराउनेछ । सेवा सुविधाको हकमा भने गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४) आचरणको पालना : दोश्रो पक्षले गाउँपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

५) बिदा : सेवा करारमा नियुक्त दोस्रो पक्षले यस कार्यविधिमा उल्लेख गरिएका बिदाहरुलाई अधिकारको रुपमा दाबी गर्न पाउने छैन । कामको अनुकुलता हेरी बिदा दिने अधिकारीले आफ्नो तजबिजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ । अन्य विदाको हकमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

६) कार्यालय सम्पत्तिको सुरक्षा : दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनुपर्नेछ ।

७) गोप्यता : दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा वा प्रचलित कानून बमोजिम निषेधित कार्यमा संलग्न भएको पाइएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराइनेछ र कालो सूचीमा समेत राखी थप कारबाहीका लागि नेपाल सरकारका निकायहरु समक्ष लेखी पठाउनेछ ।

८) करार अवधि : यो करार २०७..../...../.....देखि लागू भई २०७....असार मसान्तसम्मको लागि हुनेछ ।

९) कार्यसम्पादन मूल्यांकन : पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा १० बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०) पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य : दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ । दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा पहिलो पक्षले करार संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११) दाबी नपुग्ने : दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाउने छैन र गर्ने छैन ।

१२) प्रचलित कानून लागू हुने : यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| गाउँपालिकाको तर्फबाट- | दोस्रो पक्ष (करार गर्ने व्यक्ति)- |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| मिति : | मिति : |
| कार्यालयको छाप | |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

अनुसूची-५

(दफा १३ को उपदफा (३) सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

सेवा करार पत्र

च.नं. : मिति :

प.सं. :

श्री ................................,

.................................................... ।

विषय : सेवा करार सम्बन्धमा ।

तपाईलाई नगर प्रहरी पदपूर्ती समितिको मिति २०७..../...../..... गतेको सिफारिस तथा यस कार्यालयको मिति २०७..../...../..... गतेको निर्णयानुसार यस गाउँपालिकाको ...................... (पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०७...../....../..... देखि २०७..../...../....... सम्म लागु हुने गरी सेवा करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यावसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन निर्देशन गर्दै यो सेवा करार-पत्र दिइएको छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस त्रिवेणी गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता र आचरणको समेत परिपालना गर्नुहुन जानकारी गराइन्छ ।

.............................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री आर्थिक प्रशासन शाखा : प्रमाणित हाजिर र कार्यविवरण सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन ।

श्री प्रशासन शाखा : हाजिरीको व्यवस्था हुन ।

अनुसूची-६

(दफा १८ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

पोशाक विवरण

| क्र.स. | विवरण | रङ | संख्या | खपत अवधि |
|---|---|---|---|---|
| १ | टेरिकटन सर्ट र पाइन्ट | हरियो (गाढा खैरो) | २ जोडा | १ वर्ष |
| २ | ब्यारेट क्याप | हरियो (गाढा खैरो) | १ थान | २ वर्ष |
| ३ | सिठ्ठी र सिठ्ठी कर्ड | हरियो (गाढा खैरो) | १ सेट | १ वर्ष |
| ४ | वेभ बेल्ट | हरियो (गाढा खैरो) | १ जोडा | २ वर्ष |
| ५ | बुट | कालो | १ जोडा | १ वर्ष |
| ६ | कुम ब्याज | कालोमा पहेंलो धर्का भएको | १ जोडा | ५ वर्ष |
| ७ | टोपी ब्याज | पहेंलो | १ थान | ५ वर्ष |
| ८ | बर्सादी | कालो | १ थान | १ वर्ष |
| ९ | मोजा | हरियो (गाढा खैरो) | ३ जोडा | १ वर्ष |
| १० | स्वीटर | हरियो (गाढा खैरो) | १ थान | ३ वर्ष |
| ११ | ज्याकेट | हरियो (गाढा खैरो) | १ थान | ३ वर्ष |

आज्ञाले
निम बहादुर के. सी.
प्रमुख प्रशासकीय अधिकृत